# देवचुली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## प्रगतिनगर,नवलपरासी (बर्दघाट सुस्तापूर्व)
## गण्डकी प्रदेश, नेपाल


पत्र संख्याः०७७/७८
चलानीः

मितिः २०७७/१०/१२

**भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लागत संकलन सम्बन्धी**

**अत्यन्त जरुरी सूचना ।**

यस देवचुली नगरपालिका र भूमि सम्बन्धी समस्या समाधान आयोग बिच समझदारी पत्र भए बमोजिम आयोगबाट मिति २०७७/१०/०९ गते भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी को लागत संकलन सम्बन्धी ३५ दिने सूचना जारी भएको छ । सोहि बमोजिम यस नगरको सम्पूर्ण वडाहरुमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको निवेदन फाराम भर्नको लागि तथ्याकं सकंलक तथा वडा प्रतिनिधहरु तपाईको वडा तथा टोलटोलमा आउनु भएको छ।भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ अनुसार परिभाषित गरिएका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुले तपसिल बमोजिम कागजात जुटाई आफ्नो फाराम भर्नुहुन अनुरोध छ।

**भूमिहिन दलित, भूमिहिन सुकुम्बासी निवेदन फाराम भर्नको लागि आवश्यक कागजात (रातो फाराम):**

- परिवारमूली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- परिवारमूली र निजको पति/पत्निको हालसालै खिचेको पासपोर्ट साईजको फोटो २/२ प्रति
- जग्गा उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि( विद्युत/पानीको महशूल तिरेको रसिद, स्थानिय तहले दिएको प्रमाण, भोगचलन गर्न दिएको प्रमाण वा अन्य कुनै प्रमाण ।

**अव्यवस्थित बसोबासी फाराम भर्नको लागि आवश्यक कागजात (सेतो फाराम):**

- परिवारमूली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- परिवारमूली र निजको पति/पत्निको हालसालै खिचेको पासपोर्ट साईजको फोटो २/२ प्रति
- कम्तिमा १० बर्ष देखि जग्गा उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि( विद्युत/पानीको महशूल तिरेको रसिद, स्थानिय तहले दिएको प्रमाण, भोगचलन गर्न दिएको प्रमाण वा अन्य कुनै प्रमाण (अनिवार्य) ।
- आफू र परिवारका सदस्यका नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपि र सम्बन्धित स्थानिय तहले सम्पत्ति कर प्रयोजनको लागि निर्धारण गरेको मूल्याङ्कन सम्बन्धि स्थानिय तहको पत्र (स्थानिय तहको कम्तिमा अधिकृतस्तरको कर्मचारीले प्रमाणित गरेको हुनु पर्ने) ।

२०७७/१०/१२


इमेलःdevchulimunipality@gmail.